Rupantaran : A Multidisciplinary Journal
Vol. VIII : pp 132-151, February, 2024
ISSN (Print) : 2091-0061, ISSN (Electronic) : 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v8i01.65210
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# भोजपुर जिल्लामा संस्कृति, पर्यटन र सुशासनबिचको अन्तरसम्बन्ध

पर्वतकुमार राई, पिएच. डी.[१]
Email *: parbatr2022@gmail.com*

**लेखसार**

*कुनै नयाँ स्थानमा रहेको विशिष्ट संस्कृति, प्रकृति, समुदाय, विज्ञान र विकासको अनुभव लिनका लागि अन्य स्थानबाट मानिसहरूका विचरण हुने अवस्था पर्यटन हो । नेपाल र खासगरी भोजपुर जिल्लामा याहाँस्थित संस्कृति र प्रकृतिको नयाँ ज्ञान लिनका लागि देश बिदेशबाट मानिसहरू पर्यटकका रूपमा आगमन हुने गर्दछन् । सिलिचुङ, मैयूङ, टेम्के, सुन्तले जस्ता चुचराहरू भोजपुरको पर्यटकीय गन्तब्यका रूपमा रहेको छ । यिनै चुचुराहरूको यात्रा गर्ने मार्ग आज मुन्धुम पदमार्गको नामबाट चर्चित भएको छ । साल्पापोखरी, हाँस पोखरी लगायत पहाडका चुचराहरूमा अवस्थित पोखरीहरू पर्यटन प्रवर्द्धनका मुख्य क्षेत्र हो । सिद्धकाली मन्दिर गुफा, टक्सार गुफा, तिलाहार गुफा र नागछाँगा, हतुवागढी, दिंला जस्ता प्राकृतिक तथा सांस्कृतिक रूपमा हेर्न लायकका स्थानहरू भोजपुर जिल्लाको पर्यटन प्रवद्र्धमा ध्यान दिनु पर्ने क्षेत्रहरू हुन् । यद्यपि, पर्यटन क्षेत्र प्रवर्द्धन गर्नका लागि वस्तुगत यथार्थको जानकारी तथ्यको आधारमा लिन नसक्नु समस्याका रूपमा विद्यमान छ । भोजपुर जिल्लामा पर्यटन क्षेत्रको सम्भावना, चुनौति र आवश्यकताको खोज हुन नसक्नु यस जिल्लामा रहेको समस्या हो । भोजपुर जिल्लामा जे जस्तो अवस्थामा पर्यटन उद्योग बिद्यमान छ यसको व्यवस्थापनमा सुशासनको अभाव खड्किएको छ । यस प्रकार मौजुदा समस्याहरू माथि उभिएर भोजपुर जिल्लामा पर्यटन क्षेत्रको सम्भावना, चुनौति र आगामी आवश्यकताको खोजी गर्दै सुशासन कायम गर्ने उपायहरूको पहिचान गर्ने मुल उद्देश्य यस आलेखमा राखिएको छ । द्वितीय स्रोतबाट प्राप्त तथ्यहरूको अधिकतम उपयोग गरिएको छ, यद्यपि प्राथमिक स्रोतबाट प्राप्त केही तथ्यहरूलाई पनि उपयोग गरिएको छ । पब्लिकेसन म्यानुअल अफ अमेरिकन साइकोलोजिकल एसोसियसन (सातौं संस्करण) ले निर्धारण गरेको ढाँचालाई अनुसरण*

---

*[१]लेखक त्रिभुवन विश्वविद्यालय,भोजपुर बहुमुखी क्याम्पस,भोजपुरमा राजनीतिशास्त्र विषयको सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

*गरिएको यो आलेख मूलतः वर्णनात्मक ढाँचामा तयार गरिएको छ । भोजपुर जिल्लाको पर्यटकीय प्रवर्द्धनका लागि बृहद अध्ययन गर्ने र त्यसबाट प्राप्त निष्कर्ष र सिफारिसका आधारमा एकीकृत पर्यटन प्रवर्द्धन योजना निर्माण गर्न आवश्यक छ । टोलटोलमा वजेट विनियोजन गर्ने र पर्यटन प्रवर्द्धनको नाममा गरिने मनलाग्दी खर्च पद्धतिले पर्यटन क्षेत्रमा सुशासनको धज्जी उडाएको छ । यसर्थ भोजपुर जिल्लामा एकीकृत पर्यटन प्रवर्द्धन केन्द्र निर्माण गरी एकद्वार प्रणाली लागु गर्न अनिवार्य छ ।*

***शब्दकुञ्जी :*** ब्यालेन्स्ड ग्रोथ थ्योरी, किरात संस्कृति, टिबेटो बर्मन, मुन्धुम पदमार्ग, एकीकृत योजना

## परिचय

कुनै पनि मानव समुदायले आदिम कालदेखि प्रयोग गर्दै आएको कला, साहित्य, परम्परा, धर्म, रीतिविाज, भाषा, रहनसहन र समग्र जीवनशैली उसको संस्कृति हुन्छ । संसारको फरक स्थानमा बसोवास गर्ने फरक मानव समुदायको संस्कृति एक अर्कामा भिन्न प्रकृतिको हुन्छ । यसकारण भौगोलिक विविधतासँगै सास्कृतिक विविधता पनि अनिवार्य वनेको छ । एक स्थानको संस्कृति अर्को स्थानका लागि नयाँ र जिज्ञासाको विषय बन्दछ । संसारमा विद्यमान फरक भूगोल, प्रकृति र संस्कृतिप्रतिको जिज्ञासाले मानिसहरू एक स्थानबाट अर्को स्थानसम्म पुग्न इच्छुक हुन्छ । यो मानवीय इच्छा, चाहना र जिज्ञासा पूरा गर्नका लागि जव मानिस एक स्थानबाट अर्को स्थानसम्म पुग्न थाल्दछ, यो मानवीय आवतजावतको अर्को नाम पर्यटन हुन्छ । यसको अर्थ यो हुन आउदछ कि, प्रकृति र संस्कृतिमाथिको मानवीय विचरणलाई पर्यटन भन्ने शब्दले सम्बोधन गर्ने प्रचलन छ । यस प्रकारको मानवीय विचरणले वर्तमान विश्वलाई निकै प्रभावित गरिरहेको छ । संसारको कुनै पनि स्थानको मानिस आज अर्को कुनै पनि स्थानसम्म पुग्ने र प्रकृति, संस्कृति, बिज्ञान, कला, साहित्य, उद्योग लगायतका क्षेत्रहरूमा प्रसस्त ज्ञान हासिल गर्ने बिषय अनिवार्य जस्तै वनेको छ । समग्र संसारको यो प्रबृत्ति नै वास्तवमा पर्यटन हो । पर्यटन क्षेत्रलाई शुरुआत गर्ने, विकास गर्ने, प्रवर्द्धन गर्ने र आधुनिकीकरण गर्ने जस्ता विषय वर्तमान मानव समाजको एक अभिन्न विषय वन्दै आएको छ । यस अर्थमा संसारमा भैरहेको पर्यटन उद्योग, नेपालमा चलिरहेको पर्यटन उद्योगका सम्बन्धमा वहस हुनु समकालिन आवश्यकता हो । यही सन्दर्भसँगै भोजपुर जिल्लामा विद्यमान पर्यटन क्षेत्रको अवस्था, पर्यटनका सम्भावित गन्तव्यहरू पर्यटन प्रवर्द्धनका लागि चुनौतिहरू र पर्यटन प्रवर्द्धनका लागि अपनाइनु पर्ने दुरदृष्टि तथा नीति कार्यक्रमहरूका सम्बन्धमा केही चर्चा गर्ने हेतुले यो विषय छनौट गरिएको छ ।

समकालिन विश्व र नेपालमा समेत मानवीय दैनिक जीवनको एउटा महत्वपूर्ण अंशका रूपमा विकास हुँदै गइरहेको क्षेत्र हो पर्यटन क्षेत्र । पर्यटनलाई खासगरी आन्तरिक र बाह्य गरी दुई वटा वर्गमा वर्गीकरण गर्ने प्रचलन छ । संघीय गणतन्त्रात्मक नेपालको कोशी प्रदेशमा अवस्थित भोजपुर जिल्लामा पर्यटन क्षेत्रको अवस्था, चुनौती, सम्भावना र आवश्यकता के कस्तो छ ? यो प्रश्न अनुत्तरित अवस्थामा रहेको पाइन्छ । पर्यटन उद्योगको बिगबिगी भएको वर्तमान समयमा भोजपुर जिल्लामा उपलब्ध प्राकृतिक सम्पदाहरूको सांस्कृतिक सम्पदाहरूको अलावा विज्ञान र कलामा आधारित विभिन्न उद्योगहरूको प्रवर्द्धनबाट बिकास गर्न सकिने पर्यटन क्षेत्रमा के कस्ता प्रयासहरू

भएका छन् र अवको मुख्य ध्यान केन्द्रित गर्नु पर्ने क्षेत्र के हुन सक्दछ ? यी प्रश्नहरू भोजपुरवासीको सामुमा विद्यमान हुनु यस अध्ययनको मुख्य समस्या हो।

- भोजपुर जिल्लामा संस्कृति र पर्यटनको अवस्था कस्तो छ ?
- भोजपुर जिल्लामा पर्यटन प्रवर्द्धनको क्षेत्रमा के भएको छ र के आवश्यक छ ?
- पर्यटनलाई सुशासनसँग कसरी जोड्न सकिन्छ ?

जस्ता प्रश्नहरुमा आधारित रहेर भोजपुर जिल्लामा संस्कृति र पर्यटनको वर्तमान अवस्था पत्ता लगाइ पर्यटन प्रवर्द्धनका लागि भएको काम र आवश्यकता पहिचान गर्ने साथै सुशासन र पर्यटन बीचको सम्बन्ध खोजी गर्ने उद्देश्यहरु पूरा गर्न यो लेख तयार गरिएको छ।

***पूर्वसाहित्य समीक्षा र शोध रिक्तता***

पर्यटन र संस्कृतिसम्बन्धी पूर्वसाहित्यहरूको समीक्षा गर्ने सन्दर्भमा विभिन्न वेवसाइट सर्च गरिएको छ । विश्वको पर्यटन उद्भव, विकास र भैरहेको क्रियाकलापको सम्बन्धमा सामग्रीहरू उपलब्ध भएका छन्। तर नेपालको सम्बन्धमा तयार गरिएका सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध छैन । खासगरी भोजपुर जिल्लासँग सम्बन्धित सामग्रीहरू पाउन निकै कठिन भएको छ । विश्व पर्यटनका सन्दर्भमा जोन के. वाल्टनद्वारा तयार गरिएको*टुरिज्म डेफिनेसन, हिस्ट्री, टाइप्स, ईमपोर्टेन्स एण्ड इन्डस्ट्री* शीर्षकको सामग्रीमा पर्यटनको सुरुआत कहाँबाट र किन भयो भन्ने जानकारी पाउन सकिन्छ। सजिरा श्रेष्ठले तयार गरेको *ओभर ६००००० फरेनर्स भिजिट नेपाल इन २०२२ एज टुरिज्म इन्डस्ट्री*शीर्षकको सामग्रीमा तुलनात्मक रूपमा कहिले कति पर्यटक कहाँबाट नेपालभित्रिए भन्ने तथ्य पाउन सकिन्छ । त्यसैगरी अनिमेस श्रेष्ठबाट तयार भएको *हार्नेसिङ टुरिज्म टु इन्ह्यान्स द भ्यालु अफ बायोडाइभर्सिटी*शीर्षकको सामग्रीमा पर्यटन उद्योगले राष्ट्रिय आयमा कति योगदान गर्दछ भन्ने सूचना प्राप्त गर्न सकिन्छ। त्यसैगरी विष्णुप्रसाद गौतमद्वारा तयार गरिएको *इकोनोमिक इम्प्याक्ट अफ टुरिज्म फाइनान्स इन नेपाल*, सामग्रीले पर्यटन उद्योगबाट सिर्जना गरिएको रोजगारीको तथ्यांक प्रदान गरेको छ। यसैगरी संस्कृति सम्बन्धी पूर्वसाहित्यको समीक्षा गर्ने क्रममा ब्रियन स्टिनल्याण्डद्वारा तयार गरिएको *सोसियोलोजी अफ कल्चर* शीर्षकको सामग्रीले संस्कृति के हो भन्ने प्रष्ट पारेको पाइएको छ। सोनिया कोमेनबाट तयार गरिएको *अ ब्रिफ हिस्ट्री अफ द कल्चर्स अफ एसिया* शीर्षकको सामग्रीमा एसिया क्षेत्रको भौगोलिक विभाजन र त्यसमा प्रचलित संस्कृतिको चर्चा गरिएको छ। *मिनिस्ट्री अफ फरेन अफेयर्सले तयार गरेको कल्चर एण्ड सोसाइटी अफ नेपाल* शीर्षकको सामग्रीमा नेपालमा विद्यमान भाषा, धर्म र संस्कृतिको वर्गीकरण गरेको पाइन्छ। माथि उल्लिखित पूर्वसाहित्यहरूबाट कतिपय सूचना प्राप्त हुन सके तापनि खासगरी भोजपुर जिल्लाको धार्मिक, सांस्कृतिक, भाषिक र पर्यटकीय क्षेत्रको स्पष्ट तथ्यांक प्रस्तुत भएको पाइँदैन। टिन्सी आइडियाले प्रस्तुत गरेको *टप थर्टिन बेस्ट प्लेसेस टु भिजिट इन भोजपुर नेपाल* शीर्षकको सामग्रीले भोजपुर जिल्लास्थित केही भौगोलिक र प्राकृतिक स्थानहरूको सूची दिएको पाइन्छ। तर कुनै पनि सामग्री यस्तो पाइँदैन जस्ले भोजपुर जिल्लामा

पर्यटन र सांस्कृतिक क्षेत्रको पहिचान कति, कुन, कुन स्तरमा भएको छ ? भोजपुरमा पर्यटन उद्योगको अवस्था कस्तो छ ? आगामी दिनमा के कस्तो सुधार गर्नु आवश्यक छ ? पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि बढी जिम्मेवार कुन निकाय हुनु पर्दछ ? जस्ता विषय समेटिएका सामग्रीहरूको पर्याप्तता देखिँदैन । खासगरी भोजपुर जिल्लामा पर्यटकीय क्षेत्र पहिचान गर्ने, पर्यटकहरूका लागि रुट किटान गर्ने, पर्यटकहरूका लागि आवश्यक पूर्वाधारको किटान गर्ने र त्यसका लागि कुन निकायको मुख्य भूमिका हुने जस्ता सवालहरूमा रहेको अस्पष्टतामाथि स्पष्ट हुने गरी अध्ययन र खोज गर्नु जरुरी देखिन्छ । प्राप्त भएको सामग्रीहरुले दिएको सूचना र अप्राप्त विषयको खोज गर्नु बीचको रिक्तता नै यस लेखमा रहेको शोध रिक्तता हो ।

***सैद्धान्तिक अवधारणा***

माथि उल्लिखित शोध रिक्ततालाई यस शोध कार्यबाट पुरा गर्ने मूल ध्येयका साथ इस्टोनिय, अमेरिकन अर्थशास्त्री, Ragnar Nurkse,ले २०औं सताब्दी (१९०७–१०५९) मा प्रस्तुत गरेको *ब्यालेन्स्ड ग्रोथ थ्योरी (Balanced growth theory)* लाई यस लेखमा सैद्धान्तिक अवधारणाका रूपमा अवम्बन गरिएको छ । उक्त थ्योरीको अनुसार अल्पविकसित देशको सरकारले आधुनिक उद्योग, कृषि उद्योग लगायत साना उद्योगहरूमा समानन्तर आर्थिक लगानी गरिनु अनिवार्य हुन्छ । यसबाट उत्पादनमा वृद्धि हुन गई अन्तर्राष्ट्रिय बजारमा पहुँच कायम हुनको साथै आर्थिक उन्नति हुने गर्दछ । सबै क्षेत्रलाई समान रूपमा बिकसित गर्न राज्य र सरकारले समान ध्यान पुर्याउनु आवश्यक हुन्छ । भोजपुर जिल्लाको पर्यटन उद्योगको प्रवद्र्धमा राज्य र सरकारको लगानी वृद्धि गर्नु आवश्यक छ । यसका लागि आवश्यकताको पहिचान र तदनुरूपको कार्ययोजना निर्माण हुनु अनिवार्य छ ।

**विधि र सामग्री**

वर्णनात्मक ढाँचामा तयार गरिएको यो लेख गुणात्मक शोध विधिमा आधारित रहेको छ । प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क र सूचनाको उपयोग गरिएको छ । साइटेसन र रिफरेन्सका लागि एपिए फर्म्याट अनुसरण गरिएको छ । उपयोग गरिएका स्रोतहरूलाई सन्दर्भ सामग्री सूची र अनुसूचीमा राखिएको छ ।

**परिणाम र छलफल**

***संस्कृति, पर्यटन र सुशासन : संक्षिप्त चर्चा***

**संस्कृति:**संस्कृति के हो भन्ने प्रश्नमा विश्वका समाजशास्त्री, मानवशास्त्री र सरोकारवालाबिच वहस जारी छ । यद्यपि संस्कृतिका सम्बन्धमा केही प्रचलित मान्यताहरू विद्यमानछन् । एक जना ब्रिटिस मानवशास्त्री Edward Tylor लेभनेका छन् कि "संस्कृति एक यस्तो व्यापक क्षेत्र हो, जहाँ समाजले आर्जन गरेको ज्ञान, विश्वास, कला, नैतिकता, नियम, रीतिविाज र आचरणहरू समावेस गरिएको हुन्छ" (Culture: the meaning…)। मानवीय आचरण, विश्वास, अनुभूति, विचार र परम्पराहरूको सार संस्कृति हुन्छ भन्ने पक्षमा समाजशास्त्री र मानवशास्त्रीहरूको

तर्क रहेको छ । संस्कृति कुनै पनि समाजको अभिन्न अंगका रूपमा रहन्छ । प्रत्येक समाजमा मूल संस्कृति एउटा हुन्छ भने उपसंस्कृतिहरूको निर्माण समयक्रमले गर्दछ । संस्कृति मानव समाजको पर्याय पनि हो । यो मानव निर्मित हुन्छ । मानव आचरणबाट उत्पन्न हुने ज्ञान, मूल्य, मान्यता, प्रवृत्ति र विश्वासको निरन्तरताको समूह संस्कृति हुन्छ । समाजशास्त्री Brian Steenland ले संस्कृतिलाई मानवीय बानीव्यहोरा, कला र समग्र जीवन पद्धतिका रूपमा लिएका छन् । मानव समुदायको विश्वास, मूल्य, मान्यता र नैतिकताको समूहबाट प्रत्येक व्यक्तिको आचरण निर्देशित हुन्छ र त्यो संस्कृतिको पक्ष हुन्छ (Steenland,2018,N.P.)।

***विश्वमा प्रचलित संस्कृति:***विश्वमा सात महादेश, ७२ वटा क्षेत्र र साना ठूला सबै गरी २३५ देश रहेको छ । सांस्कृतिक रूपमा विश्व १००० भन्दा बढी समूहमा बाँडिएको छ (How many Cultures…)। विश्वको हजारौं संस्कृतिमध्ये १० वटा संस्कृति मुख्य संस्कृतिका रूपमा रहेको छ । दस वटा मुख्य संस्कृतिमध्ये इटालियन संस्कृति एक हो । इटालियन संस्कृतिलाई रोमन साम्राज्यको जन्मदाता पनि मानिन्छ । इटालियन, फ्रेन्च, स्पेन, अमेरिकन, ब्रिटिस, जापानिज, हिन्दुस्तानी, ब्राजिलीयन, स्वीस र स्वीडेनीस संसारको मुख्य संस्कृति हो भने अन्य संस्कृतिलाई उपसंस्कृतिका रूपमा लिइन्छ (Maurya, 2023, NP)। यद्यपि यो सवाल थप अध्ययन अनुसन्धान र वहसको विषय हो ।

***एशिया/दक्षिण एशियामा प्रचलित संस्कृति:***विश्वको सात महादेशमध्ये एशिया एउटा महादेश हो । भौगोलिक अवस्थितिको आधारमा एशिया महादेश मध्ये तथा उत्तर एशिया, पश्चिम एसिया, पूर्वीएसिया, दक्षिण एसिया र दक्षिण पूर्वी एसियामा विभक्त छ । एसियाको समग्र भूगोलमा प्रचलित संस्कृतिलाई मुख्य बुद्धिज्म, हिन्दुइज्म र इश्लामिक गरी तीन वर्गमा वर्गीकरण गरिएको छ (Coman,2019,NP) । दक्षिण एसियामा प्रचलित संस्कृतिका सम्बन्धमा समाजशास्त्री David Wood उल्लेख गर्दछन् कि यो भौगोलिक क्षेत्रमा जातिय, भाषिक र धार्मिक विविधता विद्यमान छ । कुनै पनि संस्कृतिको बिशाल रूप धर्म हुन्छ । खासगरी दक्षिण एसियाको भूगोलमा इण्डो–आर्यन र द्रबिडियन भाषा तथा संस्कृति समुहको प्रचुरता रहेको छ । यी दुई समूहमा आधारित भाषा तथा संस्कृतिलाई खासगरी हिन्दुइज्म, बुद्धिज्म, इश्लामिज्म र सिक्खिज्म गरी चार समूहमा विभाजित रहेको पाइन्छ (Wood, 2021, NP)। यद्यपि दक्षिण एसियामा भाषा, संस्कृति र धर्मको खोज गर्ने हो भने टिबेटो–वर्मन समूहको समेत प्रचुरता रहेको पाइन्छ । यसबाहेक पृथक धर्म, संस्कृति र भाषा रहेको किरात समुदायको समेत विद्यमानता यो भौगोलिक क्षेत्र, खासगरी नेपाल, पूर्वी उत्तर भारत, वर्मा, भुटानमा फैलिएर रहेको पाइन्छ ।

***नेपालमा प्रचलित संस्कृति :***दक्षिण एसियामा अवस्थित आठ मुलुकहरूमध्ये नेपाल एउटा मुलुक हो । यो हिमालय श्रृंखलाको दक्षिण भेगमा अवस्थित छ । यो देश पूर्व, दक्षिण र पश्चिममा भारतवेष्ठित छ भने उत्तरतर्फ चीनसँग जोडिएको छ । नेपाल सामान्यतया सगरमाथाको देश, जातीय विविधताको देश, सांस्कृतिक विविधताको देश, धार्मिक–सांस्कृतिक तथा भाषिक विविधताको देशका रूपमा चिनिन्छ । नेपालमा जम्मा १२५ जाति र १२३ भाषा

समूह रहेको छ । नेपालमा रहेका भाषाहरू इण्डो–आर्यन, टिबेटो–वर्मन र स्थानीय आदिवासी भाषा समूह अन्तर्गत पर्दछ । १० वटा धर्म प्रचलनमा रहको छ जसमध्ये हिन्दु ८०.६%, बुद्धिस्ट ११%, किरात ३.६%, इस्लाम ३.२%, र क्रिस्चियन ०.५% रहेको (Culture and society…) । नेपालको जनसांख्यिक तथ्यांकको आधारमा नेपालमा १२५ जातिय समुदायको वसोवास रहेको पाइन्छ (The indigenous world…) । नेपाल देशमा उपस्थित जातिहरूको संख्या, भाषा समूहको संख्या र धार्मिक समूहको संख्यालाई आधार मान्ने हो भने नेपाल एक बहुसांस्कृतिक देश हो । सांस्कृतिक रूपमा मुख्य गरी हिन्दु संस्कृति, बुद्धिस्ट संस्कृति, इस्लाम संस्कृति र आदिवासी संस्कृति गरी ४ वटा वर्गमा वर्गीकृत गर्न सकिने देखिन्छ । यसलाई अर्को शैलीमा इण्डो–आर्यन, टिबेटो–वर्मन र आदिवासी–किरात संस्कृतिको नामले सम्बोधन गर्न मिल्ने देखिन्छ ।

***भोजपुर जिल्लामा प्रचलित संस्कृति :*** संघीय गणतन्त्रात्मक नेपाल राज्यको कोशी प्रदेशमा अवस्थित १४ वटा जिल्लामध्ये एक हो भोजपुर । भोजपुर जिल्लाको कुल क्षेत्रफल १५२२ वर्ग किलोमिटर रहेको छ भने प्रति वर्ग किलोमिटर जनघनत्व १०५ रहेको छ । जनगणना २०७८ को तथ्यांक अनुसार भोजपुरको कुल जनसंख्या १५,८९९१ रहेको छ ।। जनगणना २०६८ को अनुपातमा भोजपुरको जनसंख्या १.६५ प्रतिशतले ऋणात्मक रहेको छ ।

**तालिका १**

*भोजपुर जिल्लाको जनसांख्यिक प्रवृत्ति*

| गणना वर्ष | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|
| कुलजनसंख्या | २,०३०१८ | १,८२४५९ | १,५८९९१ |
| क्षेत्रफल | १,५२२ वर्ग कि.मि. | | |
| जनघनत्व | १०५वर्ग कि.मि. | | |
| परिवर्तन | —१.६५ % | | |

स्रोत : Bhojpur district in Nepal (ND)

प्रस्तुत तालिका १ को तथ्याङ्कबाट यो प्रष्ट हुन आउदछ कि भोजपुर जिल्लाको जनसङ्ख्या क्रमशः घट्दो अवस्थामा रहेको छ । यद्यपि, भोजपुर जिल्ला वसोवास गर्ने जातिय समुहहरूमा किरात राई, क्षेत्री, बाहुन, नेवार, तामाङ, मगर, सेर्पा, भुजेल, थामी, कुमाल, गुरुङ पर्दछ । भाषिक रूपमा मायी समुदाय मुख्यत इण्डो–आर्यन, भोट–वर्मेली र स्थानीय आदिवासी किरात भाषा समुहमा पर्दछ । धार्मिक हिसावले हिन्दु, बुद्ध र किरात धर्मावलम्वीमा पर्दछ

। धर्म र भाषाका आधारमा सांस्कृतिक वर्गीकरण पनि स्वतहिन्दु–आर्य संस्कृति, बुद्धिस्ट संस्कृति र किरात मुन्धुम संस्कृतिमा विभाजित छ।

**तालिका २**

*भोजपुर जिल्लामा प्रचलित मुख्य संस्कृतिहरू*

| हिन्दु आर्य संस्कृति | | बुद्धिस्ट संस्कृति | | मुन्धुम/किराँत संस्कृति | |
|---|---|---|---|---|---|
| शीर्षक | कैफियत | शीर्षक | कैफियत | शीर्षक | कैफियत |
| बालन, भजन | भो.न.पा. ३ र ४ | डम्फु नाच | किमालुङ | साकेला नृत्य | हतुवा, आमचौक,रामप्रसाद |
| संगीनी, रत्यौली | जिल्लाभरी | सेफ्रु नाच, | दोभाने | साकेवा नृत्य | भो.न.पा., टेम्केमैयूँ |
| | | मारुनीनाच | अरुण गा.पा. | पाधामी/ नाक्छोङ नृत्य | ,, ,, |
| | | लाखे नाच | जिल्लाभरी | | |

स्रोत : खुमराज, इन्द्रदेव, पुष्पलाल, सुशील र सूर्य गोलेसँग भएको छलफलबाट।

***भोजपुरमा प्रचलित संस्कृति प्रवर्द्धनका लागि भएका प्रयास* (Attempt to Promot the Cultures):**भोजपुर जिल्लामा प्रचलित संस्कृति प्रवर्द्धनका लागि मुख्य दुई स्तरबाट प्रयास भएको पाइन्छ। पहिलो, जातीय सामाजिक संघसंस्थाबाट र दोस्रो, स्थानीय सरकारको तर्फबाट। स्थानीय संस्कृति प्रवर्द्धनका लागि गरिएका प्रयासहरूलाई प्रस्तुत तालिकाबाट हेर्न सकिन्छ।

**तालिका ३**

*भाषा संस्कृति प्रवर्द्धनका लागि भैरहेको कार्य*

| संस्था | स्थानीय सरकार | किरात राई यायोक्खा | छोंज धी | सेर्पा संघ | मगर संघ | तामाङ घेदुङ | मंकाखल |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | वजेटिङ | सिलीप्रदर्शनी | भाषा प्रशिक्षण | नृत्य प्रशिक्षण | भाषा प्रशिक्षण | नृत्य प्रशिक्षण | भाषा प्रशिक्षण |
| परिणाम | सचेतना | कला हस्तान्तरण | ज्ञान हस्तान्तरण | कला हस्तान्तरण | भाषा सम्बर्द्धन | कला संरक्षण | ज्ञान हस्तान्तरण |

स्रोत : जनजाति महासंघ, भोजपुरका अध्यक्षसँग भएको कुराकानी।

**पर्यटन (Tourism)**:पर्यटन के हो र यसको क्षेत्र, प्रकार र महत्त्व समकालीन विश्वमा के कस्तो रहेको छ भन्ने सवालमा छलफल गर्ने प्रयास गरिएको छ। यसको अलावा भोजपुर जिल्लामा पर्यटन क्षेत्रको अवस्था, सम्भावना, चुनौति र आवश्यकताका सम्बन्धमा समेत केही वहस गर्ने जमर्को गरिएको छ। John waltonको अनुसार ‘‘पर्यटन एक यस्तो मानवीय क्रिया हो, जसमा निवासदेखि टाढा पुगेर आनन्द र मनोरञ्जनका लागि पैसा र समय खर्च गरिन्छ’’ (Walton, 2023, NP)। पर्यटनलाई मानव जीवनमा रमाइलो गर्नुका साथै नयाँ ज्ञान आर्जन गर्ने हेतुले ल्याइएको एउटा आधुनिक र व्यवस्थित उत्पादन मानिन्छ। व्यवस्थित र आधुनिक पर्यटनको सुरुआत १७औं शताब्दीमा पश्चिम युरोपबाट सुरु भएको मानिन्छ। २१औं शताब्दिको सुरुआती दशकबाट अन्तर्राष्ट्रिय पर्यटनले विश्वको आर्थिक क्रियाकलापमा मुख्य क्षेत्र ओगट्न थालेको हो। विश्वको आश्चर्यजनक ७ पर्यटकीय गन्तव्यमध्ये इजिप्टको गिजापिरामिड, बेबीलोनको ह्याङ्गिङ गार्डेन, अथेन्सको स्ट्याचु अफ जिउज, ग्रीकको कोलोसस अफफोडस (स्ट्याचु), लाइट हाउस अफ अलेक्जेन्ड्रिया र टेम्पल अफ अर्टेन्मिस पर्दछ (Walton,2023,NP)। पर्यटनका लागि कतिपय ठाउँहरू यस्तो हुन्छ, जहाँ पुग्दा ब्यक्तिको मानसिक तनाव समाप्त हुन्छ। त्यसैले मानव जीवनमा आईपर्ने अनेक प्रकारका तनावबाट मुक्त हुन र मष्तिष्कलाई पुनर्ताजकि वनाउन समकालिन विश्वमा पर्यटनलाई मानवजीवनको एउटा महत्वपूर्ण र अनिवार्य क्षेत्रका रूपमा लिने गरिन्छ। पर्यटन विश्वमा द्रुतगतिमा विकसित भैरहेको एक प्रकारको उद्योग पनि हो। यसकारण पर्यटन उद्योग विश्वको कुल गार्हस्थ आयको महत्वपूर्ण अङ्ग बनेको छ। उद्देश्यको आधारमा पर्यटनलाई ६३ प्रकारमा वर्गीकरण गरिन्छ (Types of tourism…), यद्यपि क्षेत्र वा भूगोलको आधारमा पर्यटनलाई मुख्य २ प्रकारमा वर्गीकरण गरिन्छ, जसलाई आन्तरिक र बाह्य पर्यटन भनिन्छ। सामान्यतया कुनै पनि पर्यटनका लागि आवश्यक पर्ने मुख्य पूर्वाधारहरू यातायात, सूचना र प्रचारप्रसार हो।

पर्यटनका लागि आधारभुत आवश्यकताहरू निम्न अनुसार रहने गर्दछ।

- होटल तथा आवासको व्यवस्था।
- खाना तथा पेय पदार्थको उत्पादन।
- यातायातको व्यवस्था।
- सांस्कृतिक उद्योग।
- भ्रमण मार्ग।
- भ्रमण गराउने एजेन्सी।
- सूचना केन्द्र।

पर्यटन उद्योगको उचित सञ्चालनबाट समाज र राज्यलाई हुने लाभ निम्नानुसार हुने गर्दछ :

- वैदेशिक मुद्रा आर्जन गर्ने एउटा मुख्य माध्यम।

- हस्तकला तथा घरेलु उद्योगको विकास ।
- रोजगारीमा बृद्धि ।
- भौतिक पूर्वाधारमा विकास ।
- स्थानीय कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन ।
- व्यापारमा वृद्धि ।
- विश्व स्तरमा प्रचार प्रसार ।

***नेपालमा पर्यटन :***सगरमाथाको देश नेपाल, हिमाल पहाड तराईको मिश्रित भूगोल र हावापानी भएको देश नेपाल, तालैतालको देश नेपाल र सांस्कृतिक विविधता भएको देश नेपालमा पर्यटन क्षेत्र विकासको सम्भावना प्रचुर रहेको सवालमा कुनै मतभिन्नता छैन । तर पर्यटन प्रवर्द्धनका लागि के प्रयास भैरहेको छ भन्ने प्रश्न मुख्य विषय हो । नेपालमा पर्यटनको सुरुआत सन् १९५१ मा सम्पन्न तेन्जिङ नोर्गे सेर्पा र सर एडमण्ड हिलारीको सफल हिमाल आरोहणबाट भएको मानिन्छ (Tourism in Nepal-…)। सन् १९५६ मा पर्यटन सम्बन्धी राष्ट्रिय योजना परिषदको स्थापना नेपालको पर्यटन क्षेत्र बिकासमा कोषे ढुङ्गा थियो । शाही नेपाल वायु सेवा निगमले १९५९ बाट हवाई सेवा सुरु गरेपछि नेपालको पर्यटन क्षेत्रमा केही उन्नति भएको देखिन्छ । नेपाल आउने पर्यटकहरूको मुख्य आकर्षण र गन्तव्य याहाँका परम्परागत संस्कृति र धार्मिक क्षेत्रका साथै प्राकृतिक सुन्दरताको अवलोकन गर्नु रहेको देखिन्छ । यही क्रममा सन् १९८० मा नेपाल पर्यटन बोर्डको स्थापना हुनुबाट पर्यटन प्रवर्द्धनमा थप टेवा पुगेको पाईन्छ । विश्वकै १० अग्लो हिमालमध्ये ८ वटा हिमाल नेपालमा रहनु निकै ठूलो सम्पदा हो । हिमाल र सांस्कृतिक तथा धार्मिक क्षेत्र बाहेक नेपालमा पर्यटनका लागि सम्भावनाको अन्य क्षेत्रहरू पहिचान भैरहेको छ । पर्यटनका लागि जोखिमपूर्ण क्षेत्रहरू, प्याराग्लइडिङ, जिपलिङ, बन्जिजम्प, ऱ्याफ्टिङ, माउन्टेन बाइकिङ, ट्रेकिङ, सिटी टुर्स, साईट भिजिट, जङ्गल सफारी, रक क्लाइम्बिङ, स्थानीय परम्परा र संस्कृति जस्ता क्षेत्रहरू नेपालमा आउने पर्यटकहरूका लागि नयाँ क्षेत्र हुन सक्दछ । यसका लागि नेपालको संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको प्रशस्त ध्यान जान जरुरी छ ।

***सम्भावना :***नेपालको बिशिष्ट भौगोलिक अवस्थिति, विविध संस्कृति र उपसंस्कृति, प्राकृतिक सौन्दर्यता, विभिन्न वनजङ्गल, हिमाली उपत्यकाहरू नदी मार्ग र राष्ट्रिय निकुञ्जहरू जे-जति उपलब्ध छ यो आफैमा अनुपम सम्पदा हो । पर्यटन क्षेत्रमा यसको अधिकतम उपयोग गर्नका लागि थप योजना, बजेटिङ र कार्यान्वयनमा जाने इच्छाशक्ति सम्बन्धित सबै पक्षमा जाग्नु पर्दछ ।

- धार्मिक तथा आध्यात्मिक क्षेत्र (हिन्दु, बुद्धिष्ट, मुन्धुम पवित्र स्थानहरू) ।
- सांस्कृतिक सम्पदा क्षेत्र (आर्यन, बुद्धिष्ट, किरात) ।
- सहरी क्षेत्र (काठमाडौँ: युनेस्कोले उल्लेख गरेको संसारको १० मध्ये ७), पोखरा : तालको राजधानी) ।

- जङ्गल र जोखिमपूर्ण क्षेत्र : ( वन्यजन्तु, भीरपहरा र नदीनाला) ।

***नेपालमा पर्यटकको भ्रमण प्रवृत्ति (Tourist trends in Nepal):***नेपाल भ्रमण गर्ने पर्यटकहरूको तुलनात्मक संख्यालाई प्रस्तुत तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४**

*नेपाल भ्रमण गर्ने पर्यटक संख्या र देश*

| भ्रमण वर्ष | कुल पर्यटक | भारतबाट | अमेरिका | बेलायत | अस्ट्रेलिया | वङ्गलादेश |
|---|---|---|---|---|---|---|
| सन् २०२० | २,३००८५ | | | | | |
| सन् २०२२ | ६,१४१४८ | २,०९१०५ (३५%) | ७७,००० | ४४,७०० | २६,८०० | २५,३०० |

स्रोत :Shrestha (2023, NP)

प्रस्तुत तालिकाबाट यो स्पष्ट हुन आउदछ कि, सन् २०२० को तुलनामा २०२२ मा बाह्य पर्यटकको नेपाल आगमन निकै वृद्धि भएको छ । बाह्य पर्यटकहरूमध्ये सबैभन्दा बढी पर्यटक हवाई मार्ग हुँदै भारतबाट नेपाल प्रवेशगर्दछन् । अमेरिका, बेलायत, अष्ट्रेलिया र वङ्गलादेशबाट नेपाल प्रवेश गर्ने पर्यटकहरूको सङ्ख्या उल्लेख्य रहेको देखिन्छ ।

**तालिका ५**

*बिगत १० वर्षमा नेपाल भ्रमण गर्ने पर्यटकको अनुपात*

| भ्रमण वर्ष | आएकापर्यटक(संख्या) | बृद्धि दर (प्रतिसतमा) | रहेको समय (दिनमा) |
|---|---|---|---|
| २०११ | ७,३६२१५ | २२.१ | १३.२ |
| २०१२ | ८,०३०९२ | ९.१ | १२.१६ |
| २०१३ | ७,९७६१६ | —०.७ | १२.६० |
| २०१४ | ७,९०११८ | —०.१ | १२.४४ |
| २०१५ | ५,३७९७० | —३२.० | १३.१६ |
| २०१६ | ७,५३००२ | ४०.० | १३.४ |
| २०१७ | ९,४०२१८ | २५.० | १२.६ |

| | | | |
|---|---|---|---|
| २०१८ | ११,७३०७२ | २५.० | १२.४ |
| २०१९ | ११,९७१९१ | २.१ | १२.७ |
| २०२० | २,३००८५ | —८०.७ | १५.१ |
| औसत | ०.१ | १२.९७ | |

स्रोत :Bhattarai (2022)

प्रस्तुत तालिका अनुसार नेपालमा हाउने पर्यटकहरूको वार्षिक सङ्ख्या कहिले घट्ने र कहिले बढ्ने अवस्थाबाट गुज्रिएको देखिन्छ । विश्वव्यापी चलेको कोरोना महामारीको कारणले निकै अगाडिको तुलनामा घटेको देखिन्छ ।

***नेपालमा पर्यटनको प्रभाव:***पर्यटन उद्योग विश्वको अर्थतन्त्रमा महत्वपूर्ण प्रभाव पार्ने क्षेत्रका रूपमा स्थापित हुँदै आईरहेको अवस्थामा यसबाट नेपाल पनि प्रभावित भएको छ । खासगरी नेपालको पर्यटन उद्योगबाट नेपालको अर्थतन्त्रमा के प्रभाव परेको छ भन्ने सवाल मुख्य हो । तल प्रस्तुत तालिकाबाट नेपालको अर्थतन्त्रमा पारेको असर बारे बुझ्न सकिन्छ ।

**तालिका ६**

*नेपालको रोजगारी र राष्ट्रिय आयमा  पर्यटन*

| क्र.सं. | शीर्षक | प्रभाव |
|---|---|---|
| १ | कुल राष्ट्रिय GDP | ६.७प्रतिसत |
| २ | रोजगारी | १.५० मिलियन |

स्रोत :Shrestha(2022), Gautam (ND)

***भोजपुर जिल्लामा पर्यटन:***भोजपुर जिल्ला नेपालको ७७ जिल्लामध्ये एक हो । नेपालको प्रदेश नम्बर १ को १४ जिल्लामध्ये मध्ये पहाडी भूभागमा अवस्थित यो जिल्ला सामाजिक, सांस्कृतिक, प्राकृतिक र जैबिक दृष्टिले निकै धनी छ । संघीय संरचनामा आधारित ९ वटा पालिकामा विभाजित यो जिल्ला अन्तर्गत २ वटा नगरपालिका र ७ वटा गाउँपालिकामा व्यवस्थित छ । प्रदेस सभामा २ सदस्य र प्रतिनिधिसभामा १ जना सदस्य प्रतिनिधि रहने व्यवस्था छ । माझकिरातको नामबाट समेत परिचित भोजपुर जिल्ला अन्तर्गत प्रशासनिक तथा सैनिक किल्लाका रूपमा समेत परिचित हतुवागढी पनि पर्दछ । १५२२ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो जिल्लाले नेपालको कुल क्षेत्रफलको

१.०२% भूभाग ओगट्दछ। भोजपुर जिल्लाको सबै भन्दा अग्लो स्थान सीलिचुङ डाँडाको उचाइ ४१५३ मिटर रहेको छ भने सबै भन्दा होचो स्थानका रूपमा रहेको हसनपुरको उचाइ १५३ मिटर रहेको छ (Bhojpur district-province no. 1, ND)।

जातीय बसोबासका दृष्टिकोणले भोजपुर जिल्ला बहुजातीय बसोबास क्षेत्रका रूपमा रहेको छ । भोजपुर जिल्लाको कुल जनसङ्ख्यामध्ये  किरात राई समुदायको जनसङ्ख्या ३७.४५% रहेको छ भने क्षेत्री समुदायको जनसङ्ख्या प्रतिशत २०.३९, तामाङ समुदायको ८.६७ %, नेवार समुदायको ७.६७ %, बाहुन समुदायको ५.७३ % रहेको छ । यस जिल्लामा किरात राई समुदायको बसोबास आजभन्दा दुई हजार वर्ष पहिलेदेखि भएको मानिन्छ (Kharel, 2020)

सांस्कृतिक दृष्टिबाट हेर्दा भोजपुर जिल्लामा खासगरी ३ प्रकारको संस्कृति प्रचलनमा रहेको पाइन्छ। पहिलो, मुन्धुम/किरात संस्कृति। दोश्रो, हिन्दु/आर्य संस्कृति। तेस्रो, बुद्धिस्ट संस्कृति। जनसंख्याको आधारमा किरात संस्कृति मान्नेहरुको संख्या सबै भन्दा बढी रहेको देखिन्छ भने क्रमशः हिन्दु आर्य संस्कृति मान्नेहरु र बुद्ध संस्कृति मान्नेहरूको संख्या रहेको पाइन्छ। यद्यपि, बुद्ध संस्कृति मान्ने समुदाय अन्तर्गत तामाङ, मगर, नेवार, गुरुङ, सेर्पा समेत पर्ने हुँदा यो समुदायको कुल संख्या हिन्दु आर्य संस्कृतिको हाराहारी पुग्न सक्ने देखिन्छ । भोजपुर जिल्लामा प्रचलनमा रहेको समुदायगत संस्कृतिलाई प्रस्तुत तालिकाबाट हेर्न सकिन्छ।

**तालिका ७**

*भोजपुर जिल्लामा प्रचलित मुख्य सांस्कृतिक समूह*

| मुन्धुम/किरात संस्कृति | हिन्दु/आर्य संस्कृति | बुद्धिस्ट संस्कृति | अन्य संस्कृति |
|---|---|---|---|
| साकेला,साकेवा,नाक्छोङ | संगीनी,बालन, रत्यौली | डम्फूसेलो,हुर्रा,घाँटु, लाखे, सेफ्रु | |

***भोजपुरमा पर्यटन क्षेत्रमा भएको प्रयासको अवस्था:***भोजपुर जिल्लामा पर्यटन क्षेत्र विकास र प्रयोगका लागि केही प्रयास भएको भएता पनि उल्लेख्य कार्य भएको तथ्याङ्कले देखाएको छैन। पर्यटन प्रवर्द्धन गर्ने  मनसायले यदाकदा गरिने महोत्सव, अध्ययन, शहरतिर हुने छलफल र अन्तरक्रिया बाहेक अन्य भौतिक रूपमा  प्रगति भएको पाइएन । भोजपुर जिल्लामा सम्पन्न पर्यटन लक्षित कार्यक्रम र गतिविधिलाई प्रस्तुत तालिकाबाट प्रस्ट पार्ने प्रयास गरिएको छ।

**तालिका ८**

*भोजपुर जिल्लामा पर्यटन प्रवर्द्धनका लागि गरिएका प्रयासहरू*

| महोत्सव | अध्ययन | अन्तरक्रिया | उपलब्धि |
|---|---|---|---|
| • आ.ज.महोत्वस<br>• टेम्के महोत्सव<br>• मैयूँमहोत्सव<br>• सुन्तलामहोत्सव<br>• टक्सार महोत्सव<br>• अरुण महोत्सव<br>• डवली महोत्सव | • भोजपुरमा पर्यटन सम्भाव्यता अध्ययन: (INRASCE) | • अन्तरक्रिया काठमाडौँमा (NTB:२०१८)<br>• सचेतना कार्यक्रम भोजपुरमा (२०२१) | • मुन्धुम ट्रेलको निर्माण<br>• होमस्टेः गोठेसिं, हाँसपोखरी, NTB कार्यालय |

पर्यटन प्रवर्द्धनका लागि गरिनु पर्ने बिभिन्न महोत्सवहरूमध्ये टेम्के महोत्सव, मैयूँ महोत्सव, सुन्तला महोत्सव, आदिवासी जनजाति महोत्सव, अरुण महोत्सव र डवली महोत्सव जस्ता केही महोत्सवहरू भोजपुर जिल्लामा सम्पन्न भएको छ। भोजपुर जिल्लामा पर्यटनको सम्भावना सम्बन्धि अध्ययन कार्य तत्कालीन जिल्ला विकास समिति र INRASCE संस्था बीचको सहकार्यमा सम्पन्न भएर त्यसको प्रतिवेदन तयार भएको छ (इनरेस,२०६४)। भोजपुर जिल्लाको पर्यटन प्रवर्द्धनसम्बन्धी NTB कार्यालय, काठमाण्डौमा अन्तरक्रिया सन् २०१८ मा सम्पन्न भएको देखिन्छ (Mundhum trail…, 2018, NP)।भोजपुर जिल्लामा सुशुप्त अवस्थामा रहेको विभिन्न सांस्कृतिक सम्पदाहरूको प्रवर्द्धन गर्ने हेतुले सन् २०२१ मा सचेतना कार्यक्रम सञ्चालन भएको देखिन्छ(Awareness progranne…,2021) । भोजपुरको पानी ट्यांकीबाट शुरु भएर मैयूँ हाँसपोखरीसम्म र हाँसपोखरीदेखि चखेवासम्म निर्माणाधिन मुन्धुम पदमार्ग भोजपुरको पदमार्गी पर्यटनका लागि नयाँ थालनी मान्नु पर्दछ। मुन्धुम पदमार्ग निर्माण कार्यको थालनी मैयूँ टेम्के साल्पासिलिचुङ पर्यटन बिकास केन्द्रको प्रस्तावमा नेपाल पर्यटन बोर्डबाट विनियोजित ५० लाख रकमबाट सुरु भएको हो (रमेस राई, २०७९)। क्रमशः स्वीस सरकार, भोजपुरको स्थानीय सरकार र प्रदेश सरकारको क्रमशः ३५, ३० र ३५ प्रतिसत बजेट लगानीबाट मुन्धुम पदमार्गको निर्माण कार्य भएको हो। यो पदमार्ग निर्माणको कार्य अधुरो अवस्थामा रहेको छ। भोजपुरमा प्रतिवर्ष, प्रतिमहिना र प्रतिहप्ता कति पर्यटक भित्रिन्छ भन्ने खास कुनै तथ्याङ्क रहेको पाइँदैन।

सन् २०११ देखि सन् २०२० को बीचमा नेपालमा भ्रमण गर्ने पर्यटकहरूको संख्याअधिक्तम ११ लाख र न्यूनतम दुई लाखसम्म रहेको तथ्याङ्कले देखाउदछ, यद्यपि त्यसमध्ये भोजपुर जिल्लामा भ्रमण गर्ने पर्यटकहरू कति

थिए? यसको तथ्याङ्क खोजी गर्दा पाउन सकिएन । यो स्थिति कायम रहनुले भोजपुर जिल्लामा पर्यटन सम्बन्धी सूचना राख्ने कुनै निकाय छैन भन्ने अनुमान गर्न सकिन्छ । यसको अर्थ शून्य पर्यटक आएका त सायद नहोला ।

***भोजपुर जिल्लामा पर्यटकीय क्षेत्र :***भोजपुर जिल्लाको सम्भावित पर्यटकीय क्षेत्रलाई मुख्य दुई क्षेत्रमा वर्गीकरण गर्न सकिन्छ । पहिलो, प्राकृतिक पर्यटकीय क्षेत्र र दोस्रो, सांस्कृतिक पर्यटकीय क्षेत्र ।

(क) प्राकृतिक पर्यटकीय क्षेत्र **(Natural tourism sector):**

प्रकृतिद्वारा निर्मित आकर्षक, मनमोहक, जोखिमयुक्त र रमाईलो स्थानहरू प्राकृतिक पर्यटकीय क्षेत्र हुन सक्दछ । हिमाल, पहाडी चुचरा, चट्टान, झर्ना, ताल, पोखरी, नदी, जंगल, वन्यजन्तु लगायतको फरक प्रकृतिका स्थानहरू यस अन्तर्गत पर्दछ । भोजपुर जिल्लाभित्र पर्ने यस्ता प्राकृतिक पर्यटकीय क्षेत्रको पहिचान निम्न अनुसार गरिएको छ ।

- हतुवागढी, पूर्णे डाँडा (सय वृक्ष), गोल्माराजागोल्मारानी, नागछाँगा, सुच्चागुफा (कटुञ्जे), पामाखामगढी, पाँचधारे भञ्ज्याङ, टेम्के–चखेवा, मैयूँ–हाँसपोखरी, सीलिचुङ, दोभाने, दिङ्गला, सुन्तले, भोजपुर–टक्सार ।

(ख) सांस्कृतिक पर्यटकीय क्षेत्र **(Cultural tourism sector):**

मानव जीवनको जीवनशैली, आचरण, परम्परा, रीतिरिवाज, भाषा, धर्म, चाडपर्वलवाइखुवाइ र कला साहित्यसँग सम्बन्धित सम्पदाहरूको समग्र रूपलाई सांस्कृतिक पर्यटकीय क्षेत्र मान्न सकिन्छ । सांस्कृतिक क्षेत्र मुख्य जाति, धर्म र भाषाबाट निर्देशित हुने गर्दछ । भोजपुर जिल्लामा वसोवास गर्ने मुख्य जातिहरूमा किरात राई, क्षेत्री, तामाङ, मगर, नेवार, गुरुङ, बाहुन, सेर्पा, कामी, दमाई, सार्की हो । उनीहरूले आदिम कालदेखि मान्दै आएका अनेक प्रकारका संस्कृति भोजपुर जिल्लाका लागि सांस्कृतिक पर्यटकीय क्षेत्र हो । भोजपुर जिल्लामा माथि उल्लिखित जातीय समूहमा आधारित संस्कृतिलाई निम्न मुख्य तीन क्लस्टरमा प्रस्तुत गर्न सकिन्छ ।

- मुन्धुम/किरात संस्कृति : साकेला, साकेवा, नाक्छोङ–रिसिया ।
- हिन्दु/इण्डो–आर्यन संस्कृति : संगीनी, बालन, रत्यौली ।
- बुद्धिष्ट/टिबेटो–वर्मन संस्कृति : डम्फूसेलो, हुर्रा–मारुनी, घाँटु, लाखे, सेफ्रु ।

***भोजपुर जिल्लामा पर्यटकीय मार्ग :***भोजपुर जिल्लाको पर्यटकीय पदमार्गलाई विभिन्न दिशाबाट प्रवेश गर्ने र बाहिरिने मार्गहरू पहिचान गर्न आवश्यक छ । यसका लागि निम्न अनुसारको मुख्य पदमार्ग प्रस्ताव गरिएको छ ।

- पहिलो :वराहक्षेत्रबाट जलमार्ग - हतुवागढी - पूर्णे डाँडा (सय वृक्ष) –गोल्माराजागोल्मारानी - नागछाँगा - सुच्चागुफा (कटुञ्जे) - पामाखामगढी - पाँचधारे भञ्ज्याङ - टेम्के/चखेवा - मैयूँ/हाँसपोखरी -

सीलिचुङ/दोभाने - दिङ्गला - सुन्तले - भोजपुर/टक्सार = (हवाई मार्ग हुँदै काठमाडौँ/सडक मार्ग हुँदै धरान - विराटनगर)।

- दोस्रो : खोटाङ दिक्तेलबाट सडकमार्ग हुँदै - टेम्के/चखेवा - मैयूँ/हाँसपोखरी - साल्पा सीलिचुङ/दोभाने - दिङ्गला - सुन्तले - भोजपुर/टक्सार = (हवाई मार्ग हुँदै काठमाण्डु/सडक मार्ग हुँदै धरान - विराटनगर)।
- तेस्रो :धनकुटा पाख्रीबासबाट सडकमार्ग हुँदै - जरायोटार - प्याउली/पञ्चेदोबाटो गढी - च्याङ्ग्रेपोखरी – अरुणडाँडा/छेन्तालुङ डाँडा - भोजपुर सिद्धकाली/टक्सार - सुन्तले डाँडा - दिङ्गला - दोभाने/साल्पासिलिचुङ - मैयूँ/हाँसपोखरी - टेम्के/चखेवा =(सडक मार्ग हुँदै दिक्तेल - काठमाडौँ)।
- चौथो, काठमाडौँबाट हवाई मार्ग हुँदै – टक्सार/भोजपुर सिद्धकाली - सुन्तले - दिङ्गला - दोभाने/साल्पासिलचिुङ - मैयूँ/हाँसपोखरी -चखेवा/टेम्के - पाँचधारे - पामाखाम - नागछाँगा - पूर्णेडाँडा - हतुवागढी = (जलमार्ग हुँदै चतरा - धरान)।
- सांस्कृतिक समुहबाट प्रस्तुति: प्रत्येक बासमा स्थानीय संस्कृति झल्किने सांस्कृतिक प्रस्तुति गर्ने।
- मैयूँ डाँडाबाट प्याराग्लाइडिङ सञ्चालन गर्ने।

मुख्य पदमार्ग बाहेक सम्भावना र आवश्यक्ताका आधारमा अन्य पदमार्ग पहिचान गर्ने। जस्तोकि, सुन्तला वगैँचा/खेतीका लागि पर्यटकीय पदमार्ग, एभोकार्डो खेतीका लागि पर्यटकीय पदमार्ग, कफी/चिया वगैँचाका लागि पर्यटकीय पदमार्ग, विशेष सांस्कृतिक समूह अवलोकनका लागि पदमार्ग।

***भोजपुर जिल्लाको पर्यटनप्रवर्द्धनका लागि आवश्यक्ता :*** भोजपुर जिल्लाको पर्यटनप्रवर्द्धनकालागि आवश्यक पर्ने कुराहरू यस प्रकार छन् :

- एकीकृत पर्यटन विकासका लागि एकीकृत पर्यटन विकास बोर्ड/समितिको निर्माण।
- एकीकृत अध्ययन/अनुसन्धान र प्रतिवेदन।
- एकीकृत पर्यटन विकास योजना निर्माण र कार्यान्वयन।
- बजेटिङ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार।
- सुविधा सम्पन्न होटल/लजको निर्माण (सरकारी तथा निजी स्तरमा)।
- प्रत्येक वर्ष महोत्सव/प्रचारप्रसार।
- पर्यटनका लागि सूचना केन्द्र सञ्चालन।
- भारतीय पर्यटकहरूमाथि  माथि बढी केन्द्रित भएर परियोजना निर्माण गर्ने।

***पर्यटनमा सुशासन :***सामान्यतया कुनै पनि प्रकारको भ्रष्ट आचरणमुक्त शासकीय अवस्था सुशासन हो । भ्रष्ट आचरण अन्तर्गत आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, भाषिक लगायतका समाजमा विद्यमान सबै प्रकारका अनुशासनहिनता पर्दछ । कुनै पनि विषयमा परम्परा, रीतिरिवाज, मूल्य मान्यता, विधि, पद्धति र मुलकानुनको सीमा मिच्नु भ्रष्ट आचरणको अवस्था हुन्छ । यी तमाम विषयक्षेत्रमा भ्रष्ट आचरणरहित समाजको निर्माणले सुशासनको वीजारोपण गर्दछ । विडम्बना, नेपालको सन्दर्भमा आफू पनि भ्रष्टचार गर्दिन, भ्रष्टाचार गर्न पनि दिन्न भन्नेहरू शासक बन्दछन् तर भ्रष्ट आचरण त्यहीभित्र पाइन्छ । भ्रष्ट आचरणरहित शासक र नागरिक समाजको विद्यमानताले सुशासन निर्माण हुन सक्दछ र सुशासनको उपस्थितिमा मात्र माथि चर्चा गरिएको भोजपुर जिल्लाको पर्यटन प्रवर्द्धनको कामले मूर्त रूप लिनेछ । विश्वब्यापी मान्यता अनुसार सुशासन कायम गर्न निम्न सूचकहरूको विद्यमानता आवश्यक हुन्छ ( UCLG, 2021, NP) ।

- सहभागिता, विधिको शासन, पारदर्शिता, जवाफदेहिता, सहमतीय, समावेसिता र समता, उत्तरदायी

सुशासनको अवधारणालाई मानवीय विकासको एउटा आयामको रूपमा लिने गरिन्छ । सुशासन भनेको असल राजनीतिक शासन, असल आर्थिक शासन र असल नागरिक शासन पनि हो र यस्तो शासन त्यस राज्यको सार्वजनिक प्रशासन मार्फत कार्यान्वयन गरिन्छ (पौडेल,२०५९,पृ.१५) । मुलुकको सार्वजनिक प्रशासनलाई जनतामुखी, जवाफदेही, पारदर्शीं, समावेसी तथा जनसहभागितामूलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउनु सुशासनको मुख्य ध्येय हो । कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्नु सुशासनको सर्वोपरी धारणा हो । मुलुकमा सुशासन कायम गर्न संविधान तथा ऐन वा अन्य प्रचलित कानुन बमोजिम प्रशासनिक कार्य सम्पादन गर्नु पर्दछ (नेपाल सरकार,२०६४, दफा ...) ।

संसारमा विद्यमान भ्रष्टाचार सम्बन्धी गरिएको अध्ययनबाट प्राप्त भएको प्रतिवेदनले १०० पूर्णाङ्कमा ३३ प्राप्त गरेर नेपाल ११७औं स्थानमा रहेको देखाएको छ । जबकि सबै भन्दा वढी भ्रष्टाचार हुने देशको सूचिमा ११ अङ्क प्राप्त गरेर साउथ सुडान १८०औं स्थानमा रहेको छ । १०० मा ८८ अङ्क प्राप्त गरेर डेनमार्क संसारको सबै भन्दा कम भ्रष्टाचार हुने देशमा सूचिकृत भएको छ (Corruption perception…., 2021) । सुशासनको मार्गमा सबैभन्दा बढी अवरोध भ्रष्टाचार हो र खासगरी वित्तीय भ्रष्टाचार सबै भन्दा मुख्य अवरोध हो । ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदन अनुसार नेपालमा आर्थिक भ्रष्टाचार बढ्दो अवस्थामा रहेको छ । ६ खर्ब, ६४ अर्ब वित्तीय बेरुजु हुनुले नेपालको विद्यमान आर्थिक अनुशासन छर्लङ्ग पार्दछ । भोजपुरमा पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि बहस गर्दै गर्दा सुशासनका आधारभुत चरित्रमाथि पनि सँगै छलफल गर्न अनिवार्य छ ।

***पर्यटन प्रवर्द्धनका लागि केही सुझावहरू:***पर्यटन प्रवर्द्धनका लागि केही सुझावहरू यस प्रकार छन् :

- स्थानीय सरकार र संघीय सरकार बीचको समन्वयबाट एकीकृत जिल्ला पर्यटन विकास समिति/बोर्ड गठन गर्ने ।
- एकीकृत पर्यटन प्रवर्द्धनका लागि  व्यापक अध्ययन गरी कार्यान्वयनका लागि प्रतिवेदन तयार गर्ने ।
- प्रतिवेदनमा आधारित योजना तर्जूमा गरी कार्यान्वयनमा लाने ।
- योजनाकार्यान्वयनका लागि स्थानीय, प्रदेश र संघीय सरकारको वार्षिक वजेटबाट आवश्यक रकम विनियोजन गर्ने ।
- व्यक्तिगत, समुहगत, क्षेत्रगत र पालिकागत स्वार्थमा आधारित समिति र योजनाको सट्टा जिल्लाभरीको एकीकृत योजना वनाउने ।
- भोजपुरमा पर्यटनसम्बन्धी योजना निर्माण गर्दा भारतीय पर्यटक भित्र्याउन बढी ध्यान दिने ।
- पर्यटनमा सुशासन लागु गर्न सरोकारका सबै पक्षले प्रतिवद्धता जाहेर गर्ने ।

**निष्कर्ष**

संस्कृति, प्रकृति र आधुनिक उद्योगधन्धाप्रतिको जिज्ञासा पूरा गर्नका लागि समकालिन विश्वमा पर्यटन एक अनिवार्य विधा बनेको छ । पर्यटनले समाजको आार्थिक, सामाजिक र राजनीतिक उन्नयनमा ठूलो सहयोग पुऱ्याउँदछ । भोजपुर जिल्लामा संस्कृति र प्रकृतिमा आधारित पर्यटनको उच्च सम्भावना रहेको भएतापनि यो क्षेत्र सुसुप्त अवस्थामा रहेको पाइन्छ । भोजपुर जिल्लाका पर्यटकीय क्षेत्र पहिचान गर्ने, प्रचारप्रसार गर्ने र यसका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यले कुनै गति लिएको छैन । यसका लागि स्थानीय, प्रदेश र संघ सरकारले ब्यालेन्स्ड ग्रोथ थ्योरीको आधारमा लगानी बढाउनु आवश्यक छ ।  भोजपुर जिल्लामा एकीकृत पर्यटन बोर्ड वा समितिको खाँचो देखिन्छ । एकीकृत बोर्ड वा समिति मार्फत व्यापक अध्ययन गरी योजना तर्जुमा गर्ने र तदनुरूप  कार्यान्वयनमा लागेको अवस्थामा पर्यटन प्रवर्द्धन हुने प्रसस्त सम्भावना छ । सन् २०११ देखि २०२० को बीचमा प्रतिवर्ष अधिकतम  ११ लाख र न्यूनतम २ लाख पर्यटक नेपाल भ्रमणमा आएको तथ्याङ्कले देखाउदछ, यद्यपि त्यसमध्ये भोजपुर क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरूको सङ्ख्या स्पष्ट नहुनुले भोजपुर जिल्लाको पर्यटनसम्बन्धी कामको गति न्यून छ भन्ने स्वतः अनुमान गर्न सकिन्छ ।

**सन्दर्भसामग्री**

*Awareness programme held to conserve cultural heritage in Bhojpur.* Retrieved from https://www.nepalnews.com, visited on 15 Feb 2023Banerji, A., (ND). *Global and National Leadership in Good Governance*. Retrieved from https://www.un.org, visited on Feb 7, 2022.

Bhattarai, K. (2022*). Impact to Tourism on economic growth of Nepal : Is tourism led growth ....,* Retrieved from https://www.nepjol.info, visited on 10 Feb 2023.

*Bhojpur District in Nepal.* Retrieved from https://www.citypopulation.de, visited on 11 Feb 2023.

*Bhojpur district- Province No. 1.* Retrieved from https://www.hopnepal.com, visited on 11 Feb 2023).

Coman, S. (2019). *A brief history of the cultures of Asia.* Retrieved from https://www.gdc.unicef.org, visited on 7 Feb 2023.

*Corruption Perception Index(2021). Retrieved from* https://www.transparency.org, visited on 19 March, 2022

*Culture and Society of Nepal-Ministry of Foreign Affairs.* Retrieved from https://www.mofa.gov.np, visited on 7 Feb 2023.

*Culture: the meaning, characteristics and functions.* Retrieved from https://www.yourarticlelibrary.com, visited on 6 Feb 2023.

Gautam, B.P. (ND). *Economic impact of tourism finance in Nepal.* Retrieved from https://www.nrb.org.np, visited on 10 Feb 2023.

*How many Cultures are there in the World* ? Retrieved from https://unitedcultures.org, visited on 6 Feb 2023.

Kharel, K. & Surendra (2020). *Bhojpur-land Nepal.* Retrieved from https://www.landnepal.com, visited on 15 Feb 2023.

Maurya, S. (2023). *Top ten best cultures in the world-2023*. Retrieved from https://innovativezoneindia.com, visited on 6 Feb 2023.

*Mundhum trail launched at Nepal tourism board (2018).* Retrieved from https://www.explore himalaya.com, visited on 15 Feb 2023.

Shrestha, A. (2022). *Harnessing tourism to enhance the value of bio-diversity and promote conservation in Nepal.* Retrieved form https://www. world bank.org, visited on 10 Feb 2023.

Shrestha, S. (2023). *Over 600000 foreigners visit Nepal in 2022 as tourism indstry rebounds.* Retrieved from https://www.republica.nagariknetwork.com, visited on 10 Feb 2023.

Steenland, B. (2018). *Sociology of Culture.* Retrieved from https://www.oxfordbibliography.com, visited on 6 Feb 2023).

*The indigenous world 2021: Nepal.* Retrieved from https://www.iwgia.org, visited on 7 Feb 2023.

*Tourism in Nepal- Importance, advatages, scope, statistics....*, Retrieved from https://www.nepalrrekadventures.com, visited on 9 Feb 2023.

*Types of tourism in the world.* Retrieved from https://www.colorwhistle.com, visited on 8 Feb 2023.

Walton, K.J. (2023). *Tourism : Definition, History, Types, Importance and Industry.* Retrieved from https://www.britanica.com, visited on 7 Feb 2023.

Wood, D. (2021). *Cultural Patterns of south Aisa.* Retrieved from https://www.study.com, visited on 7 Feb 2023.

UCLG ASPAC (2021*). Good Governance: Definition and Characteristics, Nov.18, 2021*. Retrieved from https://www.uclg-aspac.org, visited on 2 Feb, 2022.

इनरेस, (२०६४), *भोजपुर जिल्लामा पर्यटकीय क्षेत्र विकासको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन*, आदिवासी जनजाति अध्ययन तथा अनुसन्धान केन्द्र ।

पौडेल, लक्ष्मीप्रसाद (२०५९), *सुशासन र वर्तमान शताब्दीका सान्दर्भिक आयामहरू,* सिजालु पौडेल ।

नेपाल सरकार (२०६४), *सुशासन ऐन (२०६४)*, Retrieved from https://www.lawcommission.gov.np, visited on 1 March, 2022.

## अनुसूची १

छलफल गरिएका तथा अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली

- खुमराज धमला, इन्द्रदेव राई, पुष्पलाल अधिकारी र सुशील लामिछानेसँग मिति २०७९ माघ २८ गते भएको छलफल।
- जनजाति महासंघ, भोजपुरका अध्यक्ष श्री जगतबहादुर तामाङसँग गरिएको वार्ता।
- दावा सेर्पा, (भो.न.पा.–९, सुन्तले) सँग मिति २०७९ फागुन ४ गते गरिएको टेलिफोन वार्ता।
- रमेश राई, (भो.न.पा.–१०, हाल काठमाडौं)सँग, मिति २०७९ फागुन ४ गते गरिएको टेलिफोन वार्ता।
- रमेश शाक्य, (भो.न.पा.–१२) सँग मिति २०७९ फागुनन ४ गते गरिएको टेलिफोन वार्ता।
- सूर्य गोले, (भो.न.पा.–७) सँग मिति २०७९ फाल्गुन ४ गते गरिएको भेटवार्ता।

## अनुसूची २

**संक्षिप्त शब्दावली**

आ.ज. : आदिवासी जनजाति

इनरेस : इन्डिजेनस नेसनालिटिज रिसर्च एन्ड स्टडी सेन्टर

भो.न.पा. : भोजपुर नगरपालिका

NTB : Nepal Tourism Board.

INRASCE : Indigenous Nationalities Research and Study Center